जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १९० २०७६ साल फागुन १५ गते बिहीबार (27 Feb. 2020 Thursday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जवर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कुरआन र विज्ञान ... ३ पृष्ठमा : कोशी अस्पताललाई शिक्षण ... ३ पृष्ठमा : दिल्ली हिंसामा २० जनाको ...

# विज्ञान विषयको शिक्षक अभावका कारण विद्यार्थीको पढाई प्रभावित




**चन्दनकुमार यादव**
**राजबिराज, १४ फागुन ।**

सप्तरीको तिलाठी कोईलाडी गाउपालिका ७ स्थित ल.ब.न उमाबि बभनगामाकट्टीमा विज्ञान शिक्षकको अभावमा विद्यार्थीहरुको पठनपाठनमा प्रभावित भइरहेको छ ।

सो विद्यालयमा एक वर्षदेखी कक्षा ८, ९ र १० का विद्यार्थीहरुका लागि एउटा पनि विज्ञान विषय पढाउने शिक्षक छैन ।

ती कक्षाहरुमा बिज्ञान बिषय सोही विद्यालयका प्रअ र उच्च माविका शिक्षकहरुले जसोतसो पढाइरहेको कक्षा ९ का बिद्यार्थी रामसेवक मण्डलले भनाई छ ।

यता बिद्यार्थीहरूको एसईई नजिकदै जाँदा बिज्ञान विषयको पढाई नहुँदा विद्यार्थीहरु मर्कामा परेका छन् । विद्यालयबाट २ सय भन्दा बढी विद्यार्थीहरु यस पटकको एसईई परिक्षा दिने तयारी गरिरहेको विद्यालय श्रोतले बताएको छ ।

अहिले उक्त विद्यालयमा कक्षा ८ मा १ सय १५ जना, कक्षा ९ मा १ सय २८ जना र कक्षा १० मा २ सय ६ जना गरि १ हजार २ सय भन्दा बढी विद्यार्थीहरु अध्ययनरत रहेको प्रधानाध्याप बिपिन झाले जानकारी दिए ।

यता प्रअ झाले बिद्यालयमा कक्षा कोठाको अभाव र बिद्यार्थी अनुपातमा शिक्षकको दरबन्दी नहुदाँ बिज्ञान बिषयको शिक्षकसहित अन्य शिक्षकको समेत अभाव रहेको दुखेसो पोखे । उनले भने, “लामो समयदेखि ब्यबस्थापन समिति चयन हुन नसक्दा शिक्षकको माँग समेत पूर्ती हुन सकेको छैन् ।”

बिद्यालयमा बिज्ञान विषयका शिक्षक मनोज यादब अस्थायी शिक्षक रूपमा लामो समयदेखी कार्यरत रहेपनि २०७५ सालमा अस्थायी शिक्षकलाई अबकास दिने नेपाल सरकारले निर्णय गरे अनुसार उनले अवकास पाएपछि विज्ञान विषयको पद रिक्त भएको प्रअ झाको भनाई छ ।

यता गाउँपालिका अध्यक्ष सतिश कुमार सिंहले गाउँपालिका सम्पूर्ण विद्यालयमा गरि ३५ जना शिक्षकको अभाव रहेको भन्दै नेपाल सरकारले पदपूर्ती गर्नका लागि शिक्षक पठाए मात्र समस्याको समाधान हुने बताए ।

# थुना मुक्त गराईदिने भन्दै नगद ठगी गर्ने पक्राउ


**दैनिक समाचारदाता**
**पर्सा, १४ फागुन ।**

थुनाबाट मुक्त गराईदिने भन्दै नगद ४० हजार रुपैयाँ ठगी गरेको अभियोगमा वीरगंज महानगरपालिका २ छप्कैया बस्ने महम्द सम्साद अलीलाई प्रहरीले पक्राउ गरेको छ ।

सार्वजनिक शान्ति विरुद्धको कसुर मुद्दामा गत असोज २० गते वडा प्रहरी कार्यालय विर्ताको हिरासतमा रहेका अभियुक्त सोही महानगरपालिका १६ नगवा बस्ने २० वर्षीय सदाम हुसेनलाई थुनाबाट मुक्त गराईदिन्छु भन्दै हुसेनका अभिभावकसँग अलीले उक्त नगद ठगी गरेको खुल्न आएपछि वडा प्रहरी कार्यालय विर्ता पर्साबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09

# हेल्पडेक्स स्थापना गर्नुपर्ने भन्दै नेकपाले पठायो ज्ञापनपत्र


**दैनिक समाचारदाता**
**सिरहा, १४ फागुन ।**

सिरहा जिल्लास्थित सम्पुर्ण कार्यालयहरुमा सर्बसाधारण जनताको सुबिधाका लागि हेल्पडेक्स स्थापना गर्नुपर्ने लगायतका ११ बुँदे मागसहित नेपाल कम्युनिष्ट पार्टी सिरहाले बुधबार प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

जिल्ला प्रशास कार्यालय सिरहामार्फत प्रधामन्त्रीलाई पठाएको ज्ञापनपत्रमा जिल्लास्थित कार्यालयहरुमा हेल्पडेक्स स्थापना गर्नुपर्ने, जनतालाई सहज, सुल्भ सेवाको व्यवस्था मिलाउनुपर्ने, जनताको पृतिक र सार्वजनिक सम्पतिलाई सुरक्षित गर्नुपर्ने, जिल्ला अदालत र भन्सार कार्यालयका लागि जग्गाको व्यवस्था मिलाउनुपर्ने, जन्मसिद्ध नागरिकका सन्तानलाई अबिलम्ब बंशजको नागरिकता उपलब्ध गराउनुपर्ने माग गरिएको छ ।

यस्तै सिरहा अस्पतालमा दरबन्दी अनुसारको कर्मचारी र निःशुल्क औषधीको आपुर्ति गर्नुपर्ने, पुर्वपश्चिम राजमार्ग र हुलाकी मार्गको नक्सा मापदण्ड सार्वजनिक गर्नुपर्ने, सिरहा सदरमुकाममा आन्तरिक राजस्व तथा यातायात कार्यालयको उपशाखा स्थापना गर्नुपर्ने मागसहितको ज्ञापनपत्र प्रधानमन्त्रीलाई पठाएको नेकपाका जिल्ला सचिव तथा प्रदेशसभा सदस्य प्रमोद यादवले जानकारी दिएका छन् ।

जिल्लास्थित सरकारी कार्यालयहरुमा सेवा प्रदान गर्ने तरिक उपयुक्त नभएको र कर्मचारीतन्त्रमा मौलाउँदै गएको ढिलासुस्तीका कारण जनताले सेवा उपभोगमा सास्ती खेप्दै आएकाले ध्यानाकर्षण गराउन प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको यादवले बताए ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
CITY EXPRESS
IME International Money Express
IME pay
himal remit
CG Money
MoneyGram money transfer

## सम्पादकीय ....

### भौतिक संरचनालाई उपयोग गर्नेतर्फ ध्यान पुगोस्

भारतीय राजदूतावासको सहयोगमा एक दशकअघि सप्तरीमा संचालित विभिन्न योजनाहरु हालसम्म पनि पुरा हुन सकेको छैन् । योजनाहरु अलपत्रै अवस्थामा रहेका छ । जसमा कतिपय निर्माण भएका भौतिक संरचनाहरु जिर्ण हुने अवस्थामा रहेको छ ।

ती योजनाहरु मध्ये राजविराजस्थित कन्या छात्रावासको भौतिक संरचना लगभग तयारी अवस्थामा रहेको छ । तर, जुन प्रयोजनका लागि निर्माण गरिएको हो त्यो प्रयोजनका लागि अहिलेको अवस्थामा कन्या छात्रावास छैन् । मविव क्याम्पसका लागि निर्माण गरिएको सो छात्रावासप्रति क्याम्पससमेत उदासिन रहेको छ । निर्माण भएको सो भवनमा हाल ठूला ठूला घाँस तथा सर्पहरुको वासस्थानको रुपमा रहेको छ ।

तसर्थ सम्पूर्ण सरोकारवाला निकायले सो छात्रावासको प्रयोगप्रति तत्परता देखाउनु जरुरी रहेको छ भने भौतिक संरचनालाई अन्य प्रयोजनका लागि प्रयोगमा ल्याउन तदरुकता देखाउनु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# कुरआन र विज्ञान



मोहम्मद हाशिम अन्सारी

कुरआन अल्लाहको शब्दश: वाणी हो जुन फरिश्ता (Angel) जिब्रईल (अ.) को माध्यमबाट अन्तिम सन्देष्टा मुहम्मद (स.) माथि अवतरित गरिएको थियो । मुहम्मद (स.) ले ती शब्दहरु याद गरे र पछि आफ्ना साथीहरुद्वारा कलमबद्ध गराए । ती साथीहरुले स्मरण गरिकन लेखिसकेपछि मुहम्मद (स.) लाई सुनाएर त्यसलाई सच्याउँथे । पुनश्च: मुहम्मद (स.) ले पनि प्रतिवर्ष फरिश्ता जिब्रइललाई कुरआन पढेर सुनाइ पुनरावलोकन गराउँथे । पुनरावलोकनको यो कार्य मुहम्मद (स.) को जीवनको अन्तिम वर्षमा दुई पटक भयो ।

अवतरित भएदेखि आजसम्ममा मुसलमानहरुको ठूलो जमातले कण्ठ पारिसकेको छ । कोहि कोहिले त यो काम दश वर्षको अल्पायुमै गरेका छन् । र हाल सम्म पनि परिवर्तन भएको छैन ।

आजभन्दा १४५० वर्षअघि प्रकट भएको कुरआनमा यस्ता तथ्यहरुको पनि उल्लेख पाइन्छ जुनकि बैज्ञानिकहरुले हालै मात्र पत्ता लगाउन वा प्रमाणित गर्न सकेका हुन् । यसले के सिद्ध गर्छ भने कुरआन निश्चय नै अल्लाहकै वाणी हो र यो मुहम्मद (स.) द्वारा रचना गरिएको कदापि हुन सक्तैन । यसवाट यो पनि प्रमाणित हुन जान्छ कि मुहम्मद (स.) अल्लाहद्वारा पठाइएका एक सच्चा सन्देष्टा हुन् । आजभन्दा चौधसय वर्ष भन्दा अघि कुनै मानिसले ती तथ्यहरुको खोजी कसरी गर्न सक्थ्यो जुन हालै मात्र वैज्ञानिकहरुले अत्याधुनिक र जटिल यन्त्रहरुको माध्यमवाट गर्न सकेका छन् ।

अल्लाहले यो ब्रह्माण्डलाई छौ दिनमा निमार्ण गरीएको र फरिश्ता (Angel) लाई नूर (मधुर र शीतल ज्योति) वाट पैदा गरी आफनो काममा लगाएको एवं आगोवाट अदृश्य जीव जिनलाई पैदा गरीएको जानकारी धर्म ग्रहन्थमा उल्लेख छ ।

अल्लाहले मानवको सृष्टिकालागि पृथ्वीवाट माटो ल्याउन फरिश्ता (Angel) लाई हुकुम गर्दा फरिश्ता (Angel) ले अल्लाह संग बिन्ति गरे कि हामी तपाईको भक्तिमा दिन रात लागि रहेका छौं । मानवको उत्पति पछि यिनीहरु पृथ्वीमा गइ जिन जस्तै आतंक मचाउनुका साथै लडाई झगडा गर्छन् । अल्लाहवाट हुकुम भयो कि म जेजती जान्दछु तिमीहरु जान्दैनौ । अल्लाहले फरिश्ताहरुलाई विभिन्न प्रश्न सोधदा जवाफ दिन सकेनन् तब अल्लाहले मानवको रुह (आत्मा) वाट जेजती प्रश्न गर्नु भयो सबै को ठीकठीक जवाब प्राप्त भयो । अल्लाहवाट हुकुम भयो तिमी र मानवमा यही फरक छ म सम्पूर्ण गुणका साथ मानवलाई आफ्नो प्रतिनिधिको रुपमा पैदा गर्नेवाला छु ।

माटोवाट मानवको पुतला (ढाँचा) तैयार भइसकेपछि फरिश्ता र जिनलाई हुकुम भयो प्रथम मानव आदमको अगाडी आफ्नो माथा टेक सबै फरिश्ता र जिनले आदमको अगाडी माथा टेके तर जिनमा भएको एक जिनले अल्लाहलाई भने कि म तिमी बाहेक यो माटोको पुतला अगाडी माथा टेक्दिन कुरा राम्रो थियो तर अल्लाहको हुकुमको अवज्ञा थियो र उसलाई इबलीश (शैतान)भनी त्यहाँवाट निकालियो । अल्लाहले जतिपनि जीव अथवा निर्जीव पैदा गर्नु भयो त्यसमा सबैभन्दा अन्तिम र उत्तम सृष्टी मानव नै हो ।

अल्लाहले ब्रह्माण्डमा भएका हरएक सजीव र निर्जीव मानवका लागि पैदा गरिएको जसमाथि मानव गम्भीर भई खोज गरे धेरै लाभका कुराहरु पत्तालगाउन सक्छन् । तर कुरआनमा उल्लेख भए अनुसार निम्न कुराहरु म (अल्लाह) वाहेक कसैलाई थाहा हुन सक्दैन ।

**कुरआनमा भनिएको छ :**


कयामत (प्रलय) कहिले हुन्छ ? आमाको गर्भमा शुक्रकीट र डिम्ब को मिलन छोराकोलागि हो अथवा छोरीकालागि । कस्को मृत्यु कहिले र कहाँ हुन्छ ? वर्षा कहिले र कहाँ हुन्छ ? कस्को भाग्यमा के लेखिएको छ ?

विज्ञानको जानकारीमा आए अनुसार पुरुषको अण्डकोष (Testes) मा बन्ने शुक्रकीट (Sperm) दुइ किसिमका Chromosome X र Y हुन्छ स्त्रीहरुको Ovem मा X र X Chromosome हुन्छ । यदी स्त्रीकोX अण्डमा पुरुषको Y Chromosome भएका शुक्रकीटको मिलन भयो भने छोरा हुन्छ र यदी स्त्रीको X अण्डमा पुरुषको पनि X Chromosome भएको शुक्रकीटको मिलन भयो भने छोरी हुन्छ । यो प्राकृतिक सत्य हो, विज्ञान यो काम गर्न सफल हुन सक्तैन, यो समय हुने प्रक्रियाको भविष्यवाणी पनि गर्न सक्दैनन् ।

कुआनमा मानव भ्रुणको कमिक विकासको बारेमा अल्लाह भन्छन् :

हामीले मानवलाई माटोवाट निर्माण गऱ्यौं । त्यसपछि उसलाई एउटा थोपामा परिणत गरी निर्धारित स्थानमा दृढताका साथ स्थिर गरायौं । अनि त्यस थोपालाई "अलका" (जुका, झुन्डिएको वस्तु, रक्तपिण्ड) मा परिणत गऱ्यौं, अनि "अलका लाई एउटा "मुदगा" (चपाइएको जस्तो वस्तु) बनायौं ।

अरबी भाषामा "अलका" भन्ने शब्दका तीन अर्थहरु छन् (१) जुका (रगत चुस्ने), (२) झुण्डिएको वस्तु, र (३) रक्तपिण्ड




मानव भ्रुणको "अलका"अवस्थालाई जुका संग तुलना गर्नुको कारण ती दुईका आकारप्रकारको समानता हो जुन चित्र १ मा देख्न सकिन्छ । साथै यस अवस्थामा भ्रुणले आमाको रक्तवाटै भोजन प्राप्त गर्दछ र यस अर्थमा भ्रुण रगत चुस्ने जुकाजस्तै हुन्छ ।

"अलका"को अर्को अर्थ हो झुन्डिएको वस्तु । चित्र नं २ मा मानव भ्रुणको "अलका"अवस्थालाई आमाको गर्भाषयमा झुण्डिएको देख्न सकिन्छ ।"

Dr. T.V.N. Persaud क्यानाडाको मानिटोवा विश्वविद्यालयमा शरीर विज्ञान (Anatomy) विभागको विभागीय प्रमुख तथा बालरोग र शिशु स्वस्थ्यका प्रोफेसर हुन् । उनका १८१ वटा वैज्ञानिक लेखहरु प्रकाशित भइसकेका छन् सर्वप्रतिष्ठित पुरस्कार Association of Anatomists को J.C.B.Grant Award १९९१ मा उनलाई नै प्रदान गरिएको थियो । उनले कुरआनका वैज्ञानिक चमत्कारहरु माथि शोधकार्य पनि गरेका छन् । यस सम्बन्धमा प्रश्न गरिंदा उनको उत्तर थियो :

मलाई लाग्छ मुहम्मद (स.) मानिस थिए । उनी पढ्न लेख्न जान्दैनथे । हामी आजभन्दा १४५० वर्ष अघिको कुरा गर्दैछौं । एकजना अनपढ मानिसले विद्वतापूर्ण घोषनाहरु गरेका कुराहरु पाउँछौ र वैज्ञानिक प्रकृतिका यी उद्गारहरु विस्मयकारी ढंगले शुद्ध र सटीक छन् । यो एउटा संयोग मात्र कसरी होला म बुझ्न सक्तिन । यति धेरै यथार्थाता र शुद्धता केवल संयोगको प्रतिफल कदापि हुन सक्तैन । मेरो के विश्वास छ भने यो पक्कै पनि ईश्वरीय प्रेरणा अथवा प्रदर्शन हुनु पर्छ जसद्वारा मुहम्मद (स.) यी कुराहरु दिन सफल भए ।

Dr. Joe Leigh Simpson संयुक्त राज्य अमेरिकाको Baylor College of Medicine, Houston, Textas मा Obstetrics & Gynecology (स्त्री रोग प्रसव विद्या ) विभागका अध्यक्ष हुन् । Dr. Simpson ले मुहम्मद (स.) का निम्न दुई उक्तिहरुको अध्ययन गरे :

".....तिमीहरु प्रत्येकको संरचनाका अवयवहरु तिम्रो आमाको कोखमा चालीसौं दिन भित्रमा एकत्रित गरिन्छन्........"

".....बयालिस रात बितिसकेको भ्रुणमाथि अल्लाहले एउटा फरिश्ता पठाउँछन् जसले उसको स्वरुप निर्धारण गर्छ र उसमा श्रवण, दृष्टि, छाला, मांशपेशि र हाडको रचना गर्छ । अनि उसले प्रश्न गर्छ, हे प्रभु ! यो पुरुष हो कि स्त्री ? र तिम्रो प्रभुले आफ्नो इच्छानुसार निर्णय गर्छन्......... "

Dr. Simpson ले यी दुई उक्तिहरुको विस्तृत अध्ययन गरेपछि टिप्पणी गरे कि प्रथम चालीस दिन भ्रुण विकास प्रक्रियाको एउटा स्पस्टसंग छुट्याउन सकिने चरण हो । मुहम्मद (स.) का यी उक्तिहरुको अकाट्य शुद्धता र निश्चयताबाट Dr. Simpson निकै प्रभावित भए । एउटा कन्फरेन्समा उनले व्यक्त गरे :

"उपरोक्त दुई हदीसहरुवाट हामीलाई भ्रुणको प्रथम चालीस दिनको विकासका प्रमुख घटनाक्रमको एउटा निश्चित समय तालिका प्राप्त हुन सक्छ । यी हदीसहरुमा निहित ज्ञान तत्कालीन उपलब्ध वैज्ञानिक सूचनाको आधारमा प्राप्त भएको हुन सक्तैन । मलाई लाग्छ विज्ञान र धर्ममा कुनै विरोधाभास छैन । बरु धर्मले कतिपय परम्परागत वैज्ञानिक विचारहरुमा नयाँ सोच र दर्शनद्वारा विज्ञानको मार्गदर्शन पनि गर्न सक्छ ।

कुरआनमा उद्गार भएका कुराहरुको विज्ञानद्वारा पुष्टि भएवाट के पनि प्रष्ट भएको छ भने कुरआनमा भएको ज्ञान पनि ईश्वरद्वारा प्राप्त भएको हुनुपर्छ ।"

Dr. E.Marshall Johnson ले १९८१ मा सउदी अरबको दम्मामममा आयोजित सातौं कन्फ्रेन्समा आफ्नो शोधपत्र प्रस्तुत गर्दै भने :

"सारांसमा कुरआनले वाह्य स्वरुपको विकासवारे मात्र हैन भ्रुणको भित्रपट्टि भइराखेको विकास प्रक्रियावारे पनि जानकारी दिन्छ र यी जानकारीहरु आजको विज्ञानले सत्य भनेर प्रमाणित गरिराखेको छ ।......एकजना वैज्ञानिकको हैसियतले म केवल ती कुराहरु वारे विचारहरु व्यक्त गर्न सक्छु जुन कुराहरु किटानका साथ देख्न सक्छु । तर यदि म त्यसबेला (१४५०) वर्ष अघि) भएको भए मुहम्मद (स.) ले जे कुराहरु भने ती कुराहरु पक्कै पनि भन्न सक्दिनथे । मुहम्मद (स.) ले यी जानकारीहरु कुनै विशेष श्रोतवाट पाईराखेको हुनु पर्ने कुरा निसंकोच स्वीकार्न सकिन्छ ।"

धेरै वैज्ञानिकहरुको भनाई छ कि "यी जानकारीहरु कुरआनमा छन् भन्ने कुरा साह्रै चाखलाग्दो हो । यी तथ्यहरु कुरआनमा कहाँवाट आए भन्ने कुरो जान्न मसंग कुनै साधन छैन । मलाई लाग्छ यो पक्कै पनि ईश्वरीय हुनु पर्दछ ।" (लेखक राजविराजस्थित केशो अनिरुद्धवति माध्यमिक विद्यालयका अवकास प्राप्त प्रधानाध्यपक एवं मुद्दी मोहरम स्मृति कल्याणकारी प्रतिष्ठान, सप्तरीका अध्यक्ष हुन् ।

hasimansari90@gmail.com
Mob: 9842821511

# कोशी अस्पताललाई शिक्षण अस्पतालमा रुपान्तरण गर्ने तयारी

विराटनगर, १४ फागुन (रासस)।

विराटनगरस्थित कोशी अस्पताललाई मुलुककै नमूना र शिक्षण अस्पतालको रुपमा विकास गरिने भएको छ।

मुलुककै पुरानो सरकारी अस्पताल मध्येको एक यो अस्पताल विसं १९४७ मा मोरङको रङ्गेलीमा स्थापना भई २०१३ सालमा विराटनगरमा स्थानान्तरण भई त्रिभुवन स्मारकबाट सञ्चालनमा आएको हो। तत्कालीन ५० शचयाको यो अस्पतालमा हाल ३५० शचया छन्। पाँच बिघा आठ कट्ठा नौ धुर क्षेत्रफलमा फैलिएको यो अस्पतालमा हाल आन्तरिक स्रोतबाट समेत गरी २६७ चिकित्सक र कर्मचारी कार्यरत रहेको अस्पतालका सुरपरीवेक्षक डा सङ्गीता मिश्रले जानकारी दिनुभयो।

साना ठूला गरी दुई दर्जनभन्दा बढी भवन रहेको सो अस्पतालका १३ कट्ठा तीन धुर जग्गा अरु संस्थाले अतिक्रमण गरेको पाइएको छ। जसमा नेपाल क्षयरोग निवारण संस्थाले आठ कट्ठा १० धुर, गणेश मन्दिरले एक कट्ठा १० धुर, नेपाल रेडक्रस सोसाइटीले एक कट्ठा १३ धुर र देवकोट पुस्तकालयले दुई कट्ठा जग्गामा आफ्ना संरचना निर्माण गरेको अस्पतालले जनाएको छ। यतिधेरै पुरानो अस्पताल अहिले आफै विरामी छ भन्दा अतियुक्त नहोला। किनकि यति धेरै पुरानो अस्पताल भए पनि यसले विशिष्ट प्रकारको स्वास्थ्य सेवा प्रदान गर्न सकेको छैन।

अत्यधिक भीड हुने सो अस्पतालमा अहिले अवस्थामा सर्वसुलभ, गुणस्तर सेवा, स्वच्छ वातावरणमा सञ्चालन गर्न पुरानो संरचना बाधकका रुपमा छ भने नयाँ संरचना बनाउन रु पाँच अर्बभन्दा बढी खर्च लाग्न सक्ने प्रारम्भिक अनुमान गरिएको छ। अस्पतालमा वर्षात्को समयमा परिसरमा पानी जम्ने, फोहर थुप्रिने, सडकबाट झण्डै दुई फिट गहिरो देखिने, झट्ट हेर्दा सुकुम्वासीले घेरेकोजस्तो देखिने यो अस्पताललाई अत्याधुनिक शिक्षण अस्पतालमा परिणत गर्न पुराना संरचना भत्काएर नयाँ संरचना बहुतले बनाउनुपर्ने सुझाव सरोकारवालाले दिएका छन्।

अहिले अस्पतालमा आइसियु, सर्जिकल र न्यूरो तथा नेफरोलोजी सेवा प्रदान गर्न नयाँ भवन निर्माण गर्न सङ्घीय सरकारबाट सङ्घीय आयोजना कार्यान्वयन एकाइ( भवन) कार्यालयको नाममा रु ४० करोड बजेट विनियोजन भई आएकाले अस्पतालले सरोकारवालसँग धारणा लिन बुधबार अस्पतालको सभाकक्षमा आयोजित छलफलमा सो धारणा आएको हो। छलफलमा प्रदेश ल्याब भवन अस्पतालको हाताभित्र बनाउने र अस्पतालको जेनेरेटर हाउस भएर जाने सार्वजनिक बाटोको व्यवस्थापन गनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

**दरबन्दी छ, डाक्टर छैनन्**

कोशी अस्पतालमा दरबन्दी अनुसारका एक तिहाई चिकित्सक नहुँदा सेवाग्राहीहरू गुणस्तरीय स्वास्थ्य सेवा लिनबाट बञ्चित हुँदै आएका छन्। अस्पतालमा लामो समयदेखि सरकारी दरबन्दी अनुसार ११ औं तहका आँखा रोग विशेषज्ञ, बालरोग विशेषज्ञ, नेपोलोजिष्ट, कार्डियोलोजिष्ट, प्याथोलोजिष्ट, नर्सिङ प्रशासनसहित ल्याबटेक्निसियनलगायत दरबन्दी अनुसारको चिकित्सकको अभाव रहेको बताइएको छ।

**शिक्षण अस्पताल बनाउने तयारी**

प्रदेश नं १ अन्तर्गतका १४ जिल्लासहित प्रदेश २ का सप्तरी, सिरहा, धनुषा जिल्लाबासी पनि उपचार सेवाका लागि भर पर्दै आएको यो अस्पताल पूर्वाधार र विशेषज्ञ डाक्टरको अभावसँगै आर्थिक अभावसँग पनि जुधिरहेको छ। आर्थिक अभावका कारण भएका कर्मचारीलाई समयमा तलव खुवाउन पनि अस्पताल प्रशासनलाई हम्मेहम्मे पर्ने गरेको छ। तर पनि प्रदेश सरकारले भने कोशी अस्पताललाई प्रदेश सरकारको शिक्षण अस्पतालका रुपमा विकास गर्ने तयारी गरेको छ।

प्रदेश नं १ को सामाजिक विकासमन्त्री जीवन घिमिरेले यो अस्पताललाई मुलुककै नमूना र शिक्षण अस्पतालको रुपमा विकास गर्ने उद्देश्यका साथ सरकार अघि बढेको बताउनुभयो। शिक्षण अस्पताल बनाउनका लागि तत्काल एमडीको कक्षा सञ्चालन गर्नुपर्ने जोड दिदैं उहाँले अस्पतालभित्रका तीन वटा भवन बाँकी राखेर अन्य सबै भवन भत्काउनु पर्ने बताउनुभयो। मन्त्री घिमिरेले हाल प्राप्त भएको रु ४० करोडको योजनालाई दीर्घकालीन योजनामा समावेश गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) का केन्द्रीय सदस्य महेश रेग्मीले अस्पतालको नाममा रहेको जग्गा स्वामित्वमा ल्याउन नसके अस्पतालले इतिहास कायम गर्न नसक्ने बताउँदै अस्पतालको स्तरोन्नति गर्न र जनताको भावनाअनुसार चल्न दीर्घकालीन योजनाको विकल्प नरहेको प्रष्ट पार्नुभयो।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य अमृत अर्यालले अस्पताललाई राम्रो र भरपर्दो बनाउन अस्पतालले तयार पार्ने योजना एवं सोचमा आफ्नो समर्थन रहेको बताउनुभयो। प्रदेशसभा सदस्य जयराम यादवले व्यावसायिक प्रयोजनमा रहेका संरचना भत्काएर अस्पतालको जग्गा अस्पतालकै भोगमा ल्याउनुपर्ने सुझाव दिनुभयो।

जिल्ला समवन्य समिति मोरङका संयोजक नरेश पोखरेलले अस्पतालको साखलाई उच्च बनाउन अतिक्रमित जग्गा फिर्ता गराउनुपर्ने भन्दै अस्पतालले दीर्घकालीन योजना बनाएर प्रदेशकै नमूना अस्पताल बनाउनुपर्नेमा जोड दिनुभयो।

विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले अस्पताललाई नमूना अस्पताल बनाउन नगरपालिकाबाट हुन सक्ने सबै किसिमको सहयोग दिने प्रतिवद्धता व्यक्त गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) मोरङका अध्यक्ष कृषि पोखरेल र नेता गुरु बरालले अस्पताललाई अत्याधुनिक बनाउनुपर्ने बताउँदै सर्वसुलभ तथा गुणस्तरीय सेवा प्रदान गर्न व्यवस्थापनमा निकै सुधार गर्नुपर्ने खाँचो औंल्याउनुभयो।

अस्पतालका पूर्वमेसु डा ज्ञानेन्द्र गिरी, पूर्वचिकित्सक डा मदन कोइराला, विराटनगर महानगरपालिकाका उपप्रमुख इन्दिरा कार्की, उपभोक्ता मञ्चका उत्तम ढुङ्गेल, मोरङ व्यापार सङ्घका महासचिव अनिल साहले यो अस्पताल गरिबको लागि मात्र नभएर धनीले पनि राम्रो सेवा पाउँछन् भनेर खोजेर आउनुपर्ने वातावरण सिर्जना गर्न आग्रह गर्नुभयो। प्रमुख जिल्ला अधिकारी मदन भुजेलले अस्पतालको स्वामित्वमा रहेको जग्गालाई अतिक्रमणबाट जोगाउन प्रशासनबाट हुने सबै सहयोग गर्न तयार रहेको बताउनुभयो।

# प्रहरी समायोजनको प्रक्रिया प्रारम्भ

काठमाडौं, १४ फागुन (रासस)।

सरकारले सङ्घीय प्रणालीअनुसार प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने औपचारिक प्रक्रिया शुरु भएको छ।

सातै प्रदेशका आन्तरिक मामिला मन्त्रालयका सचिवसमेतको सहभागितामा मंगलबार बैठक बसी औपचारिक प्रक्रिया थालनी भएको गृह सचिव महेश्वर न्यौपानेले जानकारी दिनुभयो। प्रहरी समायोजनको काम विधि र प्रक्रियाअनुसार सकेसम्म छिटो टुङ्ग्याउने गृह मन्त्रालयको योजना छ। यसअघि मन्त्रालयले समायोजनका विषयमा अनौपचारिक रुपमा मात्रै छलफल गरेको थियो। "मंगलबार पहिलो बैठक बसेर औपचारिक प्रक्रिया प्रारम्भ भएको छ, सदस्यबाट ऐनमा के के व्यवस्था छ भन्ने विषयमा आवश्यक जानकारी दिने काम भयो, अब नियमित रुपमा काम अघि बढ्छ", गृहसचिव न्यौपानेले रासससँग भन्नुभयो

राष्ट्रपति विद्यादेवी भण्डारीबाट माघ २८ गते 'प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' तथा 'नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रमाणीकरण भएको थियो। त्यसको आठ दिनपछि ऐन लागू हुन्छ।

सङ्गठन संरचना र दरबन्दी कायम गर्ने सम्बन्धमा उक्त विधेयकमा सङ्गठन संरचना तथा दरबन्दी सिफारिस गर्न गृहसचिवको नेतृत्वमा एक 'सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति' रहने उल्लेख छ। सोही समितिको पहिलो औपचारिक बैठक मंगलबार गृहमन्त्रालयमा बसेको हो। समायोजन छिट्टै टुङ्ग्याउने विषयमा समिति गम्भीररुपमा लागेको बैठकमा सहभागि एक सदस्यले जानकारी दिनुभयो।

गृहसचिव नेतृत्वको उक्त समितिमा प्रहरी महानिरीक्षक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन मन्त्रालय र अर्थमन्त्रालयका सहसचिव, सम्बन्धित प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव सदस्य तथा गृहमन्त्रालयको प्रशासन महाशाखाका सहसचिव सदस्य सचिव रहने व्यवस्था छ। समितिलाई आवश्यकतानुसार उपसमिति गठन गर्ने अधिकारसमेत छ।

उक्त समितिलाई ऐन प्रारम्भ भएको समितिले ३० दिनभित्रमा समायोजनका निम्ति प्रहरी कर्मचारीको विवरण तयार पार्नुपर्ने समयसमा छ। त्यसैले हरेक प्रदेशसहित प्रहरी कार्यालय र गृहमन्त्रालय आवश्यक तयारीमा जुटेको हो।

समायोजनका निम्ति प्रहरी नायब उपरीक्षक र सो भन्दामुनिको पदका लागि आवेदन माग गरिने छ। यसरी समायोजनमा जाने प्रहरी कर्मचारीलाई खाइपाइ आएको तलब वृद्धि (ग्रेड) मा दुई तलब वृद्धि (ग्रेड) थप गरी समायोजन गरिने छ। उनीहरुलाई समायोजन गर्दा कार्यरत पदको ज्येष्ठता, कम्तीमा एक वर्षदेखि कार्यरत रहेको प्रदेश, हालको स्थायी बसोबासको ठेगाना, नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना, उमेरको ज्येष्ठतालाई आधार मानिने छ। सम्भव भएसम्म पति र पत्नीलाई एकै प्रदेशमा समायोजना गरिने ऐनमा उल्लेख छ।

प्रदेश प्रमुखमा भने प्रहरी नायव महानिरीक्षक (डिआइजी) हुने व्यवस्था छ। समायोजन गर्दा प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षक पदमा भने गृहमन्त्रालयले समान पदको प्रहरी अधिकृत खटाउने छ। यसअघि प्रहरीले भने प्रदेश र मातहतका जिल्ला प्रहरी कार्यालय, इलाका तथा चौकीमा सङ्घीय संरचनाअनुसार कै अभ्यास गरिरहेको थियो। प्रहरी प्रधान कार्यालयको समन्यवकारी भूमिकाका निम्ति सातै प्रदेशमा सङ्घीय प्रहरी एकाइ कार्यालय रहेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक शैलेश थापा क्षेत्रीले जानकारी दिनुभयो।

उहाँले गृहसचिव नेतृत्वको समितिबाट सङ्गठनात्मक संरचना र दरबन्दीको अध्ययन गरी आवश्यकतानुसार सिफारिस भएपछि प्रहरी कर्मचारीबाट स्वेच्छिक आवेदन लिएर निश्चित मापदण्डको आधारमा समायोजन हुने जानकारी दिनुभयो। "ऐन कार्यान्वयनको चरणमा पुगेको छ, कति समयमा सकिन्छ भन्ने कुरा अहिले नै यकिन गर्न सकिँदैन, सकेसम्म छिटो हुन्छ, प्रक्रिया अघि बढिसक्यो", थापाले रासससँग भन्नुभयो। प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले प्रहरी समायोजन प्रक्रिया चुनौतीपूर्ण रहेको यसअघि बताइसक्नुभएको छ। कर्मचारी समायोजन प्रक्रियाझैं प्रहरी समायोजन विवादित हुने आशङ्का पनि छ।

प्रहरी प्रधान कार्यालयले समेत विभिन्न समिति बनाएर आन्तरिक गृहकार्य जारी राखेको प्रवक्ता थापाले बताउनुभयो। नेपाल प्रहरीमा हाल ६९ हजार ५२३ दरबन्दी छ। त्यसमा १४ प्रतिशत दरबन्दी खाली छ। विसं २०७५ फागुन २९ मा गृहमन्त्री रामबहादुर थापाले संसद्मा दर्ता गर्नुभएको उक्त विधेयक प्रतिनिधिसभाले २०७६ साउन २६ गते संशोधनसहित पारित गरेको थियो। भदौ २५ मा राष्ट्रियसभाले पारित गरी फिर्ता आएको विधेयक असोज १ गते पुनः प्रतिनिधिसभाले पारित गरेको हो। नेपालको संविधानको धारा ११३ को उपधारा ( २) बमोजिम राष्ट्रपति विद्यादेवी भण्डारीले गत माघ २८ गते विधेयक प्रमाणीकरण गर्नुभएको थियो।

## विश्व समाचार

### दिल्ली हिंसामा २० जनाको मृत्यु, परिस्थिति अझै नाजूक

नयाँदिल्ली, १४ फागुन (रासस/सिन्ह्वा/एएफपी)।

भारतको राजधानी नयाँदिल्लीमा केही दिनदेखि जारी हिंसात्मक झडपका कारण बुधबारसम्म एक प्रहरी अधिकृत सहित २० जनाको मृत्यु भएको छ। स्वास्थ्य अधिकारीका अनुसार झण्डै २०० जना घाइते भएका छन्। जिटीबी अस्पतालले बुधबार मात्र पाँच जनाको मृत्यु भएको जनाएको छ। अस्पतालमा उपचारका लागि भर्ना भएका घाइतेमा प्रदर्शनकारी र प्रहरी रहेका छन्।

नयाँदिल्लीको सर्वाधिक प्रभाव परेको उत्तरपूर्वी क्षेत्रमा स्थानीय अधिकारीले सबै विद्यालय बन्द गरेका छन् भने ठाउँठाउँमा कर्फ्यु आदेश जारी गरिएको छ। मङ्गलबार राति भारतीय सुरक्षा सल्लाहकार अजित डोभालले हिंसा भड्किएका क्षेत्रको स्थलगत भ्रमण गरी स्थानीय नेता र प्रहरी अधिकारीसँग कुराकानी गर्नु भएको छ। दिल्ली उच्च अदालतको मङ्गलबार साँझ बसेको इजलासले सुरक्षा व्यवस्था सुदृढ तुल्याउन र घाइतेको उपचारको उचित प्रबन्ध गर्न आदेश दिएको छ। हातमा लाठी, बन्दुक, पेस्तोल बोकेका सशस्त्र प्रदर्शनकारीले उत्तरपूर्वी दिल्लीमा लुटपाट, आगजनी र तोडफोड गरेका थिए।

प्रहरीले बुधबार नयाँदिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको निवास बाहिर भेला भएको भिडलाई तितरबितर बनाएको छ। यो भिडमा खासगरी जवाहरलाल नेहरु विश्वविद्यालयका विद्यार्थी, जामिया मिलिया इस्लामियाका सदस्यसमेत रहेका थिए। उनीहरुले मुख्यमन्त्री केजरीवाललाई भेट गरी दिल्ली हिंसासँग सम्बन्धित विषयमा मागपत्र प्रस्तुत गर्न चाहेका थिए। गत आइतबार उत्तरपूर्वी दिल्लीमा संशोधित नागरिक कानुनको पक्ष र विपक्षमा रहेका खासगरी हिन्दु र मुस्लिम समुदायका व्यक्तिबीच हिंसात्मक झडप शुरु भएको थियो। यो हिंसाले सोमबार र मङ्गलबार निकै डरलाग्दो रुप लिएको थियो।

मोदी सरकारले सन् २०१९ को डिसेम्बर ११ मा विवादास्पद नयाँ नागरिकता कानुन राज्यसभाबाट पारित गराएसँगै यसको पक्ष र विपक्षमा भारतीय जनमत बाँडिएको छ। नयाँ नागरिकता कानुनले खासगरी भारतीय मुस्लिम समुदायलाई चिढ्याएको छ। नयाँ कानुनअनुसार धार्मिक आस्थाका आधारमा बङ्गलादेश, अफगानिस्तान र पाकिस्तानमा पीडित भइरहेका हिन्दु, सिख, बौद्धमार्गी, जैन, पारसी र इसाई सम्प्रदायका व्यक्तिलाई भारतमा नागरिकता दिइने व्यवस्था गरिएको छ। तिनै देशमा पीडित भइरहेका कतिपय अल्पसङ्ख्यक मुस्लिमलाई भने यस्तो सुविधा नदिइएको भारतीय मुस्लिम समुदायको गुनासो छ।

### चीनमा कोरोना पीडित थप ५२ जनाको मृत्यु

बेइजिङ, १४ फागुन (रासस/एएफपी)।

चीनमा पछिल्लो समय ५२ जनाको नयाँ कोरोना जीवाणु (भाइरस) कारण मृत्यु भएको छ। तीन हप्तादेखि दिनहुँ एकसय भन्दा बढीको सङ्ख्यामा मृत्यु हुनेक्रममा केही कमी आएको छ। हालसम्म चीनमा कोरोनाकै कारण मृत्यु हुनेको सङ्ख्या दुई हजार ७१५ जना पुगेको छ।

पछिल्लो समय मृत्यु भएका सबै कोरोनाको प्रकोपको केन्द्र हुबेई प्रान्तका छन्। राष्ट्रिय स्वास्थ्य आयोगले बुधबार ४०१ जना नयाँ सङ्क्रमित व्यक्ति भेटिएको पनि जनाएको छ।

चीनमा हालका दिनमा नयाँ सङ्क्रमित व्यक्तिको सङ्ख्या घटेको देखिएको छ, र चीनका अरु धेरै प्रान्तमा नयाँ रोगी बिल्कुलै देखिएका छैनन्। हुबेई प्रान्त बाहिर पाँच जनामा मात्र कोरोना देखिएको थियो, र यो एक महिनाको अवधिमा सबैभन्दा कम हो तर हुबेइको राजधानी उहानमा गत वर्षको अन्त्यतिर शुरु भएर चीनमा मात्र ७८ हजारभन्दा बढीलाई सङ्क्रमित तुल्याएको यो भाइरस विश्वका दर्जनौं देशमा फैलिइ सकेको छ।

दक्षिण कोरियामा मृत्यु हुनेको सङ्ख्या बुधबारसम्ममा ११ जना पुगेको छ र सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएर एक हजार १४६ पुगेको छ। चीन बाहिर यतिठूलो सङ्ख्यामा सङ्क्रमण भएको कोरिया नै हो। कोरियामा तैनाथ अमेरिकी सेनामा सेवारत एक सैनिकमा पनि कोरोनाको सङ्क्रमण देखिएको छ।

करिब १० जनाको मृत्यु र ३०० भन्दा बढीमा सङ्क्रमण देखिएको इटालीले ११ वटा शहरमा आवातजावत बन्द गरेको छ। प्रधानमन्त्री जिसेप कोन्टेले योक्रम केही हप्तासम्म जारी रहन सक्ने बताउनुभएको छ। नानजिङ शहरका अधिकारीले सियोलबाट मङ्गलबार आइपुगेको बिमानमा सवार तीन जनालाई ज्वरो आएपछि ९४ जनालाई क्वारेन्टाइनमा राखेको बताएका छन्।

### कोरोना जीवाणुको औषधि परीक्षण नेब्रास्कामा पनि शुरु

ओमाहा, नेब्रास्का, १४ फागुन (रासस/एपी)।

कोरोना जीवाणु (भाइरस) उपचारको पहिलो क्लिनिकल परीक्षण अमेरिकाको नेब्रास्कामा जारी रहेको अमेरिकी स्वास्थ्य अधिकारीले जनाएका छन्। विश्वभर विभिन्न ५० स्थानका ४०० बिरामीलाई परीक्षणका लागि यो औषधि खुवाउने तयारी भइरहेको छ।

अध्ययनमा समावेश हुने आधा बिरामीलाई एन्टिभाइरल औषधि ( रेमडेसिभर) दिइने छ भने बाँकी आधालाई प्लासेबो दिइने छ। यही प्रकृतिको औषधि अर्को एक कम्पनीले पनि परीक्षण गरिरहेको छ। यद्यपी विश्वभर कोरोना उपचारका लागि धेरै किसिमका अध्ययन हाल सञ्चालनमा छन्।

नेब्रास्का मेडिकल सेन्टरका वैज्ञानिक डा आन्द्रे कालीलले चीनबाट फैलिएको कोरोना भाइरसको प्रकोप विश्वव्यापी बन्न लागेपछि सेन्टरले तत्कालै नयाँ औषधिको खोज शुरु गरेको बताउनुभयो। कोविड-१९ सङ्क्रमण भएर अस्पताल भर्ना भएका बिरामीलाई यो औषधि परीक्षणका रुपमा खुवाउने सेन्टरको योजना छ।

# गजेन्द्र नारायण सिंह क्रिकेट प्रतियोगितामा लौनिया र तिलाठी बिजयी



**दैनिक समाचारदाता**
**राजबिराज, १४ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा संचालित स्व. गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिता अन्तर्गत चौथो दिनको खेलमा लौनिया र तिलाठी बिजयी भएका छन् ।

सप्तरी क्रिकेट संघ संघको सहकार्यमा तथा तिलाठी कोईलाडी गाउँपालिकाको आयोजनामा कट्टी माबिको खेल मैदानमा संचालित उक्त प्रतियोगिताको पहिलो खेलमा लौनियाले को. मधेपुरालाई २० रनले पराजित गरेको छ ।

टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै लौनियाले निर्धारित १० ओभरको खेलमा ७ बिकेट गुमाई ७० रनको योगफल तयार पारेको थियो । लौनियाका लागि दिलिप कुमार मण्डल १३, दिनेश कुमार मण्डल ११ र सरोज मण्डलले १० रनको योगदान दिएका थिए । यता बलिङतर्फ को. मधेपुराका रशिराज सिंह र धिरु यादवले २/२ बिकेट लिएका थिए भने प्रमोद यादवले १ बिकेट लिएका थिए ।

७१ रनको लक्ष्य लिई मैदानमा ओर्लेको को. मधेपुरा ६ बिकेटको नोक्सानीमा ५१ रन बनाउन सकेको थियो । जसमा आदित्य सिंहले १७, रशि राजसिंहले ११ तथा शिवशंकर मण्डलले नटआउट रहि ११ रनको योगदान दिएका थिए । बलिङतर्फ लौनियाका सुरेश राम र शिवराम मण्डलले २/२ बिकेट लिएका थिए भने दिनेश कुमार मण्डल र धिरेन्द्र मण्डलले १/१ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच लौनियाका सुरेश राम घोषित भए ।

त्यस्तै बुधवारै सम्पन्न दोश्रो खेलमा तिलाठीले को. बर्साइनलाई २१ रनले पराजित गरेको छ । को. बर्साइनले टसजिती पहिलो ब्याटिङको लागि तिलाठीलाई ब्याटिङको लागि निम्तो दिए पछि ब्याटिंग गर्न ओर्लेको तिलाठिले बर्षाले प्रभावित खेलमा निर्धारित ८ ओभरमा ४ बिकेटको नोक्सानीमा ६७ रनको योगफल तयार पारेको थियो । तिलाठीका लागि बिष्णु मण्डलले ३२ तथा रोशन यादवले नटआउट रहि १७ रनको योगदान दिएका थिए । बलिंग तर्फ को. बर्साइनका पिन्टु मण्डलले २ तथा राजेश दासले १ बिकेट लिएका थिए ।

६८ रनको लक्ष्य लिई मैदानमा ओर्लेको को. बर्साइन ८ ओभरमा २ बिकेट गुमाई ४६ रन बनाएको थियो । को. बर्साइनका लागि दिपेश सरदारले नटआउट रहि २३ बलमा ३२ रनको योगदान दिएका थिए भने अन्य कसैले दोहोरो अंक छुन सकेनन् । यता तिलाठीका लागि रोशन यादव र चन्दन कुमार झाले सामान १ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच तिलाठिका रोशन यादव घोषित भएका थिए ।

प्रतियोगिता अर्न्तगत बिहिवार पहिलो खेल सकरपुरा र को. बर्साइन बिच तथा दोश्रो खेल कोईलाडी र तोपा बिच हुने जनाइएको छ ।

# नगर स्तरिय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

**दैनिक समाचारदाता**
**राजबिराज, १४ फागुन ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा बुधबार नगर स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

आयोजित हाजिरी जवाफ प्रतियोगितामा रामदयाल माध्यमिक विद्यालय खखुवा कचन्दहाले प्रथम स्थान प्राप्त गरेको छ ।



सामुदायिक विद्यालयको माध्यमिक स्तरीय हाजिरी जवाफ प्रतियोगितमा राजोवती माध्यमिक विद्यालय कुशहा द्वितिय, बुद्धिलाल विद्या मुनर माध्यमिक विद्यालय भगवतपुर बडहरी तृतिय र हियालाल माध्यमिक विद्यालय सखुवा सान्तवना स्थान प्राप्त गरेका छन् ।

प्रतियोगिताका विजयी विद्यालयका विद्यार्थीहरुलाई पुरस्कार प्रदान गर्दै प्रदेश २ का भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले प्रतियोगिताले सामुदायिक विद्यालयहरुप्रति अभिभावकको आकर्षण बढ्ने र विद्यार्थीमा पनि थप ज्ञान हासिल हुने बताएका छन् ।

शम्भुनाथ नगरपालिका ४ सखुवा निवासी लक्ष्मीनारायण साह र पत्नी धनमन्ती देवी साहको १५ औ पुण्यतिथिको अवसरमा छोराहरु तारानन्द साह, श्यामकुमार साह, योगेन्द्रप्रसाद साह, सुशिलकुमार साह, प्रमोदकुमार साहले संयुक्त रुपमा सो प्रतियोगिता आयोजना गरेको हो । सो प्रतियोगितामा जनता माध्यमिक विद्यालय रामपुर जमुवा, माध्यमिक विद्यालय खोक्सर प्रवाहसहित छ वटा विद्यालय सहभागी रहेको आयोजक हियालाल माविका प्रधानाध्यापक शिवनारायण यादवले जानकारी दिएका छन् ।

# स्थानीय तहको लेखा प्रणाली मितव्यय बनाउन प्रशिक्षण

**दैनिक समाचारदाता**
**सिरहा, १४ फागुन ।**

स्थानीय तहको लेखा प्रणालीलाई मितव्यय पारदर्शी बनाउन सिरहामा बुधबारदेखि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली प्रशिक्षण शुरु भएको छ ।

कोष तथा लेखा नियन्त्रण कार्यालय सिरहाको आयोजनामा शुरु भएको प्रशिक्षणमा सिरहाका ८ नगरपालिका र ९ वटा गाउँपालिका गरी १७ वटै स्थानीय तहका लेखा प्रशासनतर्फका कर्मचारीहरुको सहभागिता रहेका छन् ।

स्थानीय तहहरुमा भुक्तानी प्रक्रियालाई छिटो छरितो, मितव्ययिता र विधिसंगत बनाउन प्रशिक्षण कार्यक्रम आयोजना गरिएको कोष तथा लेखा नियन्त्रण कार्यालयका निमित्त प्रमुख यमनाथ गिरीले जानकारी दिएका छन् ।

जिल्लाका सबै स्थानीय तहमा विद्युतीय शासन पद्धति लागू गरेपनि कतिपय स्थानीय तहका कर्मचारीलाई प्रयोग गर्न अप्ठ्यारो भएकोले प्रशिक्षणको माध्यमबाट सहजता हुने प्रमुख गिरीले बताए ।

लहानस्थित एक होटलमा सञ्चालित प्रशिक्षणमा धनगढीमाई नगरपालिकाका लेखा अधिकृत पुरुषोत्तम कुमार प्रसाद र लेखा अधिकृत सचितानन्द प्रसाद नन्दले प्रशिक्षण दिने कार्यक्रम रहेको जनाएको छ । ६ दिनसम्म चल्ने तालिममा प्रत्येक स्थानीय तहबाट लेखा, आई.टी. र प्राविधिकको सहभागिता रहेको जनाइएको छ ।

# हुलाकी राजमार्गको ३ सय ८५ किमी सडक कालोपत्र

काठमाडौँ, १४ फागुन (रासस) । हुलाकी राजमार्गको भौतिक प्रगति ४८ प्रतिशत पुगेको छ । राष्ट्रिय गौरवको सो आयोजना अन्तर्गत हालसम्म झण्डै ३८५ किलोमिटर सडक कालोपत्र भएको छ ।

सो राजमार्गको लम्बाई ९७५ किमी रहेकोमा अहिलेसम्म ३३८ किमी सडक खण्डास्मित (ग्राभेल) तथा ९२ पुल सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । चालु आर्थिक वर्षमा ९७ किमी कालोपत्र, ४२ किमी खण्डास्मित र पाँच पुल सम्पन्न भएको छ ।

बाँकी निर्माणका लागि ठेक्का सम्झौता भइरहेको आयोजना प्रमुख रोहितकुमार बिसुरालले जानकारी दिनुभयो । तराईका धेरै जिल्लामा सडक प्रयोगमा आइसकेका छन् । आयोजनाअन्तर्गत अधिकांश स्थानमा नयाँ ट्र्याक खोल्नेभन्दा राजमार्गका रूपमा स्तरोन्नतिको काम भइरहेको छ । उहाँले भन्नुभयो, “पहिले स्थानीय सडकका रूपमा रहेकामा अहिले हुलाकी राजमार्गको मापदण्डानुसार स्तरोन्नति भइरहेको छ ।”

निकुञ्ज क्षेत्र र जङ्गल क्षेत्रमा बाहेक अधिकांश स्थानमा सडक निर्माण अघि बढिरहेको आयोजनाले जनाएको छ । निकुञ्जको भित्री भागमा साढे आठ किमी र ‘बफर जोन’ १५ किमीमा निर्माण प्रक्रिया अघि बढेको छैन । चितवन राष्ट्रिय निकुञ्जमा वातावरणीय अध्ययन सकिए पनि अझैसम्म निकुञ्ज कार्यालय वन विभागबाट स्वीकृति आइसकेको छैन । सो प्रक्रियामा लामो समय लाग्ने भएकाले त्यसको विकल्पमा समेत छलफल भइरहेको छ । सो क्षेत्रमा ‘एलाइनमेन्ट’ परिवर्तनका विषय पनि अघि बढेको जनाइएको छ । उक्त मार्गमा पूर्व-पश्चिम राजमार्गमै जोड्न सकिने विषयमा समेत छलफल भइरहेको प्रमुख बिसुरालले बताउनुभयो ।

उहाँले भन्नुभयो, “हामीले छुट्टै राजमार्ग निर्माणभन्दा तराई-मधेशका जनतालाई कसरी सहज हुन्छ भन्ने हो ।” उक्त सडकले तराईका धेरै बस्ती समेट्ने र भारतको सीमा क्षेत्रसम्म पुग्नेछ । कतै कालोपत्र त कतै ग्राभेल सडकका कारण अहिले नै यहाँका स्थानीयवासीलाई सहज हुन थालिसकेको उहाँले बताउनुभयो । पहाडी क्षेत्रको पूर्वदेखि पश्चिमसम्म जाने मध्यपहाडी राजमार्गले ठाउँठाउँमा नयाँ बस्ती निर्माण गर्ने भए पनि सो आयोजनाले पुराना बस्ती हुँदै अघि बढ्छ । राजमार्गस्तरको भए पनि यो सडकमा गति अन्यत्र जस्तो नहुन सक्ने उहाँले जानकारी दिनुभयो । लामो दूरीका सवारीसाधनसँगै यी सडकमा गाढा, टयाक्टरलगायतका स्थानीय सवारीसाधनसमेत चल्नेछ । उहाँले भन्नुभयो, “यी सबैलाई हेरेर अन्यत्रको राजमर्गमा भन्दा कम गति निर्धारण गर्नुपर्न हुनसक्छ ।”

सो आयोजनाले विसं २०७० भन्दा पहिले ठेक्का सम्झौता भइसकेका आयोजनासमेत अझै अलपत्र अवस्थामा छन् । कतिपय स्थानमा सडक सम्पन्न भए पनि पुलका कारण सञ्चालन हुनसक्ने अवस्था नभएको बताइएको छ ।

राणा शासनमा चिठी आदानप्रदान गर्ने हुलाकी सडकको अवधारणाको विकास भएको थियो । सो आयोजनाको उद्देश्य तराई-मधेशमा रहेका जनतालाई यातायात सर्वसुलभ र सहज बनाउनेसँगै यस क्षेत्रका शिक्षा, स्वास्थ्य, कृषि, व्यापारलगायतको विकास गर्ने रहेको छ । प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले गत मङ्सिरमा धनुषा र महोत्तरीका जिल्लामा राजमार्गअन्तर्गत सडक अनुगमन समेत गरेको थियो ।

समितिले सरकारले सडकमा माटो कटान अनियमितरूपमा भइरहेको हुनसक्ने भन्दै प्राविधिकसहितको छानबिन समिति बनाउनुपर्ने सुझाव दिएको थियो । समितिले जनताका सुझाव र त्यहाँका आवश्यकतानुसार कल्भर्ट थप गर्नुपर्ने र सडकको सुरक्षाका लागि ‘रिटेनिङ’ वाल लगाउनुपर्नेसमेत सुझाव दिएको छ । जलेश्वर-पिपरा, सोहर्वा-पर्सा-पर्कौली र भिट्ठामोडमा छ लेनमा निर्माण गर्नुपर्ने पनि समितिको सुझाव छ । सडकको चौडाइ केन्द्रबाट १५/१५ मिटर हुनेछ । सरकारले आव २०७९/८० सम्ममा सडक निर्माण गरिसक्ने लक्ष्य लिइएको छ । आयोजनाको संशोधित बजेट रु ६१ अर्ब रहेको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*